STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २४ गते बिहीबार ❑ 8 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मौद्रिक नीतिमा समावेश गर्नुपर्ने सुझावहरु राष्ट्र बैंक समक्ष पेश

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**

गण्डकी प्रदेश सरकारले प्रादेशिक रुपमा मौद्रिक नीति ल्याउन पहल सुरु गरेको छ।

पहिलो पटक औपचारीक रुपमा नेपाल राष्ट्र बैंकलाई प्रादेशिक रुपमा मौद्रिक निती ल्याउन सरकारले पहल गरेको प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा.रघुराज काफ्लेले बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बताए। मौद्रिक नीतिमा समावेश गर्नुपर्ने २० बुंदे सुझावहरु आफुहरुले राष्ट्र बैंक समक्ष पेश गरेको उपाध्यक्ष काफ्लेले बताए। बैक तथा वित्तीय संस्थाको वेस रेटमा मापदण्ड तोकेर प्रिमियम थप गर्ने व्यवस्था गरिनुपर्ने, सोही अनुसार घरेलु, साना, मझौला उद्योगीहरु एवं महिला उद्यमशिलता तथा कृषि क्षेत्रलाई कर्जा प्रवाह गरिनु पर्ने, कर्जा अवधिभर प्रिमियम स्थिर हुनु पर्ने व्यवस्था गर्न माग गरिएको छ।



व्यक्तिगत सम्पत्ती धितो राखी लगानी गर्ने कर्जाको सिमा व्यक्तिगत प्रयोजनका लागि १ करोड पुऱ्याईनु पर्ने, प्राथमिकता प्राप्त कर्जा अन्तर गत कृषि क्षेत्रमा प्रदान गरिने कर्जा १५ प्रतिशत बाट २० प्रतिशत पुऱ्याउनु पर्ने, सहुलियतपूर्ण कर्जामा बैंकका प्रत्येक शाखाबाट कम्तिमा १० जना ग्राहकलाई सो कर्जा प्रवाह गर्नुपर्ने प्रावधान लागु नभएको देखिएकाले तुरुन्त लागु गर्नुपर्ने राष्ट्र बैंकलाई सुझाव दिएको छ। त्यस्तै कृषि क्षेत्रका लागि ३ देखि ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउनुपर्ने, लगातार ३ वर्ष सम्म घाटामा गएको व्यक्ति वा व्यावसायिक प्रतिष्ठानलाई कर्जा प्रवाह गर्ने बैंकले प्रोभिजनमा राख्ने गरेको र सोबाट बैंकले पेनाल्टी व्याज समेत लिने व्यवस्थालाई संशोधन गरी ५ बर्ष बनाउनु पर्ने, आर्थिक गतिविधि विस्तार एवं अर्थतन्त्र प्रतिस्पर्धी राख्न सक्ने औसत एकल अंकको व्याजदर (७ देखि ८ प्रतिशत) भित्र व्यवस्थापन गर्न आगामी मौद्रिक नीति केन्द्रित रहनु पर्ने समेत प्रदेश निती योजना आयोगले राष्ट्र बैंकलाई सुझाव दिएको हो। यूवा उद्यमशिलता विकाशको लागि हालै प्रस्तुत बजेटबाट स्नातक शैक्षिक योग्यता हाँसिल गरेका यूवालाई शैक्षिक प्रमाणपत्र धितो राखि ५% व्याज दरमा २५ लाख सम्मको सहुलियत कर्जा व्यवस्था गरिने नीति ल्याईएको छ र यसको सफल कार्यान्वयको लागी सरल सहज कर्जा प्रवाह निर्देशिका आगामी मौद्रिक नीति मार्फत सम्बोधन गरिनु पर्ने, हालै प्रस्तुत बजेटबाट नव उद्यमीलाई शुरुवात तथा नवप्रवर्तक परियोजनाहरुको पूँजी व्यवस्थाका लागि १% व्याजदरमा २५ लाखसम्मको व्यवस्था र सामाजिक उत्तरदायित्व अन्तर्गत पनि यस क्षेत्रमा खर्च गर्न सक्ने व्यवस्थालाई सफल कार्यान्वयनको लागि सरल सहज निर्देशिका आगामी मौद्रिक नीतिमा सम्बोधन गरिनु पर्ने सुझाव दिएको छ।

त्यस्तै नेपाल राष्ट्र बैंकलाई बर्तमान संघीय शासन व्यवस्था अनुकुल हुने गरी पुनसंरचना गरी शाखाहरुलाई थप अधिकार प्रदान गरी नियमन तथा सुपरीवेक्षण गर्न सक्ने गरी अधिकार सम्पन्न गराउनु पर्ने, विलासिताका वस्तुको आयातमा परिमाणात्मक वन्देज लगाउन सहयोग हुने गरि मौद्रिक नीति जारी गरिनुपर्ने, विद्युतिय भुक्तानीलाई प्रोत्साहित गर्न त्यस्तो भुक्तानीमा रिवेट को व्यवस्था गरिनुपर्ने, रुग्ण उद्योगलाई पुनस्थापित गर्न सहुलियत कर्जाको व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ।

बैंक कर्जा लिन धितो मूल्याङ्कनको लागि नेपाल राष्ट्र बैंकले नियम बनाई मुल्यांकनकर्ता को सुचिकरण गर्ने र सुचिकृत मुल्यांकनकर्ता मध्येबाट परियोजना मूल्याङ्कनको लागि ऋणीले मुल्यांकनकर्ता छनौट गर्न पाउनु पर्ने व्यवस्था गर्नुपर्ने, नेपाल राष्ट्र बैंकले एक सफ्टवयर तयार गरी अनलाइन ग्राहक पहिचान विवरण भर्न सक्ने र ग्राहकले आफ्नो विवरण सच्याउने वा संशोधन गर्नसक्ने गर्नुपर्ने। बजेट घाटा पूर्ति गर्न सरकारले उठाउने २५० अर्बको आन्तरिक ऋणले गर्दा लगानी योग्य रकमको अभाव झन् बढ्ने भएकाले यसको प्रभाव न्यूनिकरण गर्ने किसिमको मौद्रिक नीति ल्याउनु पर्ने, गण्डकी प्रदेशको हकमा जलविद्युत र पर्यटन उद्योगको लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गरिनुपर्ने, त्यस्तै सवै स्थानीय पालिकाहरुमा बैंकका शाखा पुगेको अबको स्थितिमा आगामी तीन बर्ष भित्र प्रदेश भित्रका सबै वडामा कम्तिमा एक वाणिज्य बैंक वा विकास बैंकको शाखा पुग्नुपर्ने निर्देशन जारी हुनुपर्ने, आगामी बर्ष देखि प्रदेश तहको मौद्रिक नीतिको व्यवस्था गरिनुपर्ने माग गरिएको उपाध्यक्ष काफ्लेले जनाए।

देश संघीयतामा गएपछि आएका बिगतका तीन नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिले प्रदेशगत विशेषता, आवश्यकता र सम्भावनाहरुलाई ध्यान दिन नसकेरै प्रदेशमा पयाप्त मात्रमा रोजगार र गरीबी निवारण सहित आर्थिक विकास हुन नसकेको उपाध्यक्ष काफ्लेको दाबी छ। उनले भने "मौद्रिक नीतिले ध्यान दिन नसक्दा लगानी, रोजगारी लगायतका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भाग्यले बाचेका एकै घरका ११ जना

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**



भाग्यले बाचेका पोखरा २२ पुम्दी भुम्दी शान्ति स्तुपाः क्षेत्रका एकै घरका ११ जना यति वेला अस्थायी बसोबासको पर्खाइमा रहेका छन्। आज भन्दा करिब डेढ दशक अघि छोराले विदेशबाट कमाएको पैसाले बनाएको पक्की घरनै बुधबार विहान १ बजे आएको पहिरोले भत्काउदै केही भाग पुरे पनि स्थानिय फुलमाया विक परिवार अस्थायी बसोबास व्यबसथापको पर्खाईमा रहेको छ।

बुधबार राति १ बजे एकाएक घर छाड्नाले एकै घरका ११ जना करिब २ मिनेटको अन्तरालले बच्न सफल भएको विक परिवारले जनाएको छ। आफुहरुले घर छाडेको २ मिनेटमै घर माथिको पहिरोले घर भत्काउदै घरको दुई वटा कोठामा माटोको भागले पुरिएको घर धनि फुलमाया विकले बताइन्। उनले निरास हुदै भनिन "आज हामी ठुलो कालबाट बाच्न सफल भयौं, २ मिनेट मात्र हामी घर छाड्न ढिलो भएको भए सायद हामी बाच्न सकिन्थेन, जग्गाको नाममा १२ आना जग्गा भएकोले त्यही छोराको विदेशको कमाईबाट घर बनाए पनि हाल पहिरोको कारण घर वार विहिन हुनु पर्‍यो।" विक परिवारको भान्छा कोठा, उनीहरु सुत्ने कोठाहरुमा माटोको ढिस्को सहितको भागले भित्ता फोरेर कोठा पुरिएको विकले बताइन्।

तल्लो तलामा ४ कोठा मध्य दक्षिण तर्फका दुई वटा कोठामा दलदल हिलो माटो सहितको बस्तुले कोठामा रहेका सामानहरु नष्ट भएको विकले दाबी गरेकी छन्। पक्की भवनको दोश्रो तलामा दुई कोठा रहेकाछन भने कोठामा जाने भऱ्याङ सहितको भागमा माटोको ठिस्कोले पुरिएको छ। फुलमाया विकको घर भन्दा करिब १० मिटर माथिल्लो भागमा झिक्रे बास लगाय पनि माथिल्लो बस्तीमा रहेका केही व्यत्तिहरुले भलपानी आफनो घर तर्फ लगाउनाले गर्दा घरमा क्षति पुगेको फुलमायाका छोरा राजन विकले बताए। विक परिवारको घर भन्दा करिब एक सय मिटर माथिल्लो भागमा बन्दै गरेको एक रेष्टुरेण्ट संचालक तथा रिभर भ्यु रेष्टुरेण्टका संचालकको लापरवाहीको कारणले गर्दा आफुहरुको घरमा भलपानी सहितको बाढी जादा पहिरो गएको विक परिवारको दाबी छ। रिभर भ्यू रेष्टुरेण्टका संचालक हरी विकले बर्षादमा ठुलो भलपानी आउदा पानी व्यबस्थापन गर्न स्थानियको बजेटले गर्न नसकिने भएकोले यसको जिल्लाकै योजना मै समेटेर काम गर्नुपर्ने अबस्था रहेको बताए। विगत १५/१६ बर्ष अघि छोरा राजनले विदेशबाट कमाएको आम्दानी नै घरमा लगानी भएकोले फुलमायाले बताइन्। रोजगारको लागि १० बर्ष कतार र वहराइनमा गएर कमाएको आम्दानीबाट तत्कालिन अबस्थामा २२ लाखको लागतमा उक्त घर बनाएको राजनले बताए। उनले भने "घर र धन सम्पत्ति भन्दा ठुलो हामी हो, हामी सवै ठिकै छौं हामी बाच्यौं र पो यो संसार देख्न पाइयो हामीलाई अब अस्थायी बसोबासको लागि टहरा मात्र बनाउन पाए पुग्छ।" विक परिवारको घरसंगै उनको घर भन्दा करिब एक सय मिटर माथिल्लो क्षेत्रमा रहेका करिब ८ घर तथा तल्लो क्षेत्रमा रहेका ५/७ घर समेत पहिरोको उच्च जोखिमा रहेको स्थानिय कल्पना विकले बताइन्। ६ महिनाको बच्चा सहित आफुहरुसँग भएको घर सहितको जग्गा पहिरोले लगैसंगै आफुहरु हाल घर वार विहिन जस्तो भएको फुलामायाका श्रीमान मिन बहादुर विकले बताए।

माथिल्लो क्षेत्रमा रहेका केही व्यत्तिहरुले भलपानी आफ्नो घर तर्फ तेर्साएको कारणले गर्दा पहिरो गएको उनको दाबी। आफुहरु हतार हतारमा राति १ बजे घर छाड्नु पर्दा घरबाट कुनै पनि सामानहरु निकाल्न नभ्याएकोले घरका अधिकांश सर–सामानहरु पहिरोले पुरियर काम नलाग्ने अबस्थामा रहेको उनले जनाए।

## एमाले कार्यदलले अध्यक्ष ओली र नेता नेपालसँग छलफल गर्ने

**रासस**
**काठमाडौं, २३ असार**

नेकपा (एमाले)को आन्तरिक विवाद समाधानका लागि गठित कार्यदलले सहमतिका लागि तयार गरिएको खाकाका विषयमा दलका अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालसँग छलफल गर्ने भएको छ। उहाँहरुबीच गत जेठ २ गते सहमति भई १० सदस्यीय कार्यदल गठन भएको थियो।

सो कार्यदलको आज सिंहदरबारमा भएको बैठकले प्राप्त परामर्शका आधारमा तयार गरिएको सहमतिको मस्यौदालाई शीर्ष तहमा प्रस्तुत गरी बिहीबार पुनः बैठकपछि ठोस रुप दिइने समझदारी भएको नेता सुवास नेम्वाङले जानकारी दिए। उनका अनुसार सहमतिका लागि गम्भीर र सकारात्मकरुपमा छलफल भएको र चाँडै निष्कर्षमा पुगिने छ।

दलका शीर्ष र दोस्रो तहका नेताबीच भएको अनौपचारिक छलफललाई व्यवस्थितरुपमा सहमतिमा परिणत गर्न तनि दिनअघि कार्यदलको बैठक पुनः शुरु भएको हो। अध्यक्ष ओली महाधिवेशन आयोजक कमिटी विघटन गराई २०७५ जेठ ३ गते अगाडिको साङ्गठनिक स्थितिका आधारमा सञ्चालन गर्न तयार भएपछि सहमतिको वातावरण बनेको हो। एमाले केन्द्रीय कमिटीको १३ औं बैठकले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्ताव र सर्वोच्च अदालतमा रिट दायर गर्दा पार्टीका २३ निवर्तमान सांसदबाट गरिएको हस्ताक्षर फिर्ता गर्न आज साँझ ५ बजेसम्म समय दिइएका सन्दर्भमा कार्यदल सक्रिय भएको हो। नयाँ प्रधानमन्त्री चयन प्रक्रिया सफल हुन नसकी गत जेठ ८ गते प्रतिनिधिसभा दोस्रो पटक विघटन भएपछि एमालेको कार्यदल निष्क्रिय भएको थियो।

कार्यदलमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली पक्षबाट नेता नेम्वाङ, विष्णुप्रसाद पौडेल, प्रदीपकुमार ज्ञवाली, शङ्कर पोखरेल र विष्णुप्रसाद रिमाल तथा नेता नेपाल पक्षबाट डा भीमबहादुर रावल, घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डे, गोकर्णराज विष्ट र रघुजी पन्त रहेका छन्।

## निर्वाचन आयोगद्वारा जसपा विवाद निरुपण गर्न इजलास गठन

**रासस**
**काठमाडौं, २३ असार**

निर्वाचन आयोगले जनता समाजवादी पार्टी नेपाल (जसपा) को विवाद निरुपण गर्न इजलास गठन गरेको छ।

आयोग पदाधिकारीको आजको बैठकले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको नेतृत्वमा पाँच सदस्यीय इजलास गठन गरेको हो। आयोगले सुनुवाइका लागि आगामी साउन ३ गते आइतबार दुबै पक्षलाई बोलाउने निर्णय भएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए। राजनीतिक दलसम्बन्धी ऐनअनुसार मङ्गलबार दुबै पक्षलाई बोलाएर सहमति जुटाउने प्रयास गरिएकोमा सहमति नभएपछि सुनुवाइका लागि इजलास गठन गरिएको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

जसपाको उपेन्द्र यादव पक्षले राजनीतिक दलसम्बन्धी ऐनअनुसार पार्टीको आधिकारिकता विवाद टुङ्ग्याउन माग गर्दै आयोगमा निवेदन दिएको हो।

## दुई हजार ९७९ संक्रमित थपिए, २८ को निधन

**रासस**
**काठमाडौं, २३ असार**

पछिल्लो २४ घण्टामा नेपालमा दुई हजार ९७९ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ। योसँगै अहिलेसम्म कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या छ लाख ५० हजार १६२ पुगेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार ११ हजार ८९८ जनाको नमूना परीक्षण गर्दा दुई हजार ९७९ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको छ। मन्त्रालयले आज गरेको नियमित पत्रकार सम्मेलनमा मुलुकभर सात हजार ८३५ जनाको पिसिआर विधिबाट परीक्षण गर्दा दुई हजार ७७ जनामा र चार हजार ६३ जनाको एन्टिजेन परीक्षण गर्दा ९०२ जनामा सङ्क्रमण पुष्टि भएको जनाएको छ। पछिल्लो २४ घण्टामा एक हजार ३३३ सङ्क्रमणमुक्त भएका छन्। यस अवधिमा २८ जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भएको छ। देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या २३ हजार ७५६ रहेको छ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्की काँग्रेसले बुझायो क्रियाशील सदस्यको विवरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**

नेपाली काँग्रेस कास्कीले क्रियाशील सदस्यको वितरण केन्द्रीय कार्यालयलाई बुझाएको छ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीको नेतृत्वमा पुगेको पदाधिकारीको टोलीले विवरण बुझाएको हो। टोलीमा उपसभापति आइ बहादुर गुरुङ, सचिव सुदिपमोहन भट्टराई, देवेन्द्र रानाभाट, कोषाध्यक्ष लक्ष्मी पाण्डे र प्रवक्ता नवीन सिग्देल रहेका थिए। कास्की काँग्रेसले नयाँ र पूराना गरी १९ हजार एक सय ४२ जना क्रियाशील सदस्यको नामावली बुझाएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिए।

टोलीले पार्टीका केन्द्रीय नेताहरुसँग भेटघाट गरी मुलुकको पछिल्लो राजनीतिक अवस्था र पार्टीको आगामी १४ औं महाधिवेशन बारे छलफल गरेको थियो।




# लायन्स क्लब लालिगुँरासद्वारा जनप्रियमा छात्रावृत्ति अक्षयकोष

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**



लायन्स क्लब अफ पोखरा लालिगुँरासले पोखरामा रहेको जनप्रिय माविमा अक्षयकोष स्थापना गरेको छ।

लायन्स क्लब अफ पोखरा लालिगुँरास वर्ष २०२१-२२ का अध्यक्ष कपिलदेव शर्माले क्लबले सञ्चालन गर्ने गरी अक्षयकोष स्थापना गुर्नभएको हो। क्लबको माइनुट हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लब डिष्ट्रिक ३२५ वि १ का एलसिआईएफ डिष्ट्रिक कोर्डिनेटर मोतिराज तिमिल्सिना र क्लबका अध्यक्ष शर्माले जनप्रिय माविका प्रध्यानाध्यापक देविप्रसाद वस्ताकोटीलाई १ लाख २५ हाजर १ सय २५ रुपैयाको चेक हस्तान्तरण गर्नुभएको थियो।

उक्त अक्षयकोषको व्याजबाट जनप्रिय माविमा अध्यक्ष गर्ने गरिव तथा जेहेन्दार ४ जना छात्र छात्रालाई छात्रावृत्ति वितरण गरिने क्लबका अध्यक्ष शर्माले जानकारी दिनुभयो। उक्त अवसरमा क्लबका वर्ष २०२०-२१ का अध्यक्ष भरतराज अधिकारीले वर्ष २०२१-२२ का अध्यक्ष कपिलदेव शर्मालाई माइनुट हस्तान्तरण गरी कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो। कार्यक्रममा बोल्दै एलसिआईएफ डिष्ट्रिक कोर्डिनेटर मोतिराज तिमिल्सिनाले अक्षयकोषले गरिव तथा जेहेन्दार विद्यार्थीलाई अध्ययन गर्न थप प्रेरणा मिल्ने बताउनुभयो।

रिजन चेयरपर्सन जिवन गोर्खालीले क्लबले वर्षभरी गर्ने गरी ल्याएका कार्यक्रम उत्कृष्ट रहेको बताउनुभयो। लायन्स क्लब अफ पोखरा लालिगुँरासका अध्यक्ष कपिलदेव शर्माको अध्यक्षतामा भएको कार्यक्रममा जनप्रिय माविका प्रध्यानाध्यापक देविप्रसाद वस्ताकोटी, लायन्स क्लब अफ सेतोगुँरासका अध्यक्ष वसन्त वास्तोला, लायन्स क्लब अफ पोखरा लालिगुँरासका पूर्व अध्यक्ष अनन्तप्रसाद अधिकारी, पूर्व अध्यक्ष मिनराज तिमिल्सिना, निवर्तमान अध्यक्ष भरतराज अधिकारी, प्रथम उपाध्यक्ष ऋषिराम पौडेल, द्धितीय उपाध्यक्ष प्रकाशचन्द्र सापकोटा, सचिव भेषराज बास्तोलाले बोल्नुभएको थियो।

# काँग्रेस कोभिड सूचना समिति कास्कीद्वारा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**



नेपाली काँग्रेस कोभिड १९ सूचना समिति कास्कीले बुधबार दुई वटा स्वास्थ्य संस्थालाई सहयोग गरेको छ।

समितिले कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं २ स्थित नागडाँडा स्वास्थ्य चौकी र माछापुच्छ्रे गाउँपालिका २ स्थित सार्दीखोला स्वास्थ्य चौकीलाई सहयोग गरेको हो। दुवै स्वास्थ्य संस्थालाई एक/एक वटा अक्सिजन कन्सन्ट्रेटर मेशिन र स्वास्थ्य सामाग्री सहयोग गरेको हो। समितिका संयोजक दिवसमान प्रधानाङ्गले ति सामाग्री हस्तान्तरण गर्नुभएको थियो। यसअघि पनि समितिले स्वास्थ्यकर्मीका लागि पिपिई सहयोग गरेको थियो। कार्यक्रममा बोल्दै संयोजक प्रधानाङ्गले महामारीमा बेला सबैले सहयोग गर्नुपर्नेमा जोड दिए। उनले समितिको तर्फबाट सहयोग जारी रहने उल्लेख गरे। कार्यक्रममा नेपाल लोकतान्त्रिक खेलकुद महासंघका अध्यक्ष देवेन्द्र शेरचन, कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देल, सदस्य उमेशराज पराजुली, अन्नपूर्ण गाउँपालिका वडा नं २ का अध्यक्ष चुडामणि अधिकारी, नेपाली काँग्रेस अन्नपूर्ण गाउँपालिका सचिव कृष्ण प्रसाद सुवेदी, वडा नं २ का सभापति लोकराज भण्डारी, माछापुच्छ्रे गाउँपालिका वडा नं १ का अध्यक्ष वीरेन्द्र गुरुङ, २ का अध्यक्ष विक्रम गुरुङ, नेपाली काँग्रेस माछापुच्छ्रे गाउँपालिका सभापति मधुसुदन अधिकारी, समितिका सदस्य महेश तिमिल्सिना र स्वास्थ्यकर्मी लक्ष्मी बयलकोटीले बोलेका थिए।

# कालीगण्डकी परियोजनाबारे लिखित जवाफ माग

**रासस**
**काठमाडौं, २३ असार**

सर्वोच्च अदालतले कालीगण्डकी डाइभर्सन बहुउद्देश्यीय परियोजना रोक्न आदेशको माग गर्दै दायर गरेको रिट निवेदनमा कारण देखाउ आदेश जारी गरेको छ।

न्यायाधीश तेजबहादुर केसीको एकल इजलासले आज महान्यायाधिवक्ता कार्यालयमार्फत १५ दिनभित्र लिखित जवाफ पेश गर्न सरकारको नाममा आदेश जारी गरेको हो। साथै अदालतले दुवै पक्षको छलफलका लागि साउन ४ गतेका लागि पेशी तोकेको छ। आदेशमा भनिएको छ, "यसमा अन्तरिम आदेश हुने नहुने सम्बन्धमा विषयवस्तुको प्रकृति र गम्भीरतालाई विचार गर्दा दुवै पक्ष राखी छलफल गर्नु उपयुक्त हुने देखिँदा २०७८/४/४ गतेका दिन छलफलका निम्ति कालीगण्डकीको डाइभर्सनसम्बन्धी निर्णय र स्थलगत प्रकृतिको योजनाको कागजातसहित उपस्थित हुन आउनु।"

राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयलगायत विपक्षी बनाई आज अधिवक्ता तुलसीराम पोखरेल, रामबहादुर शाही र सन्तोष भण्डारीले यही असार १६ गते रिट निवेदन दायर गनुएभएको थियो। रिट निवेदनमा शालिग्राम शीला पाइने विश्वकै एकमात्रै नदी कालीगण्डकीको स्वरुप परिवर्तन हुने गरी डाइभर्सन गरेर रुपन्देहीको तिनाउ खोलामा झार्न लागिएको हुँदा उक्त योजना रोकन आदेशको माग गरिएको छ। निरन्तर प्राकृतिकरुपमा बगिरहेको नदीलाई स्याङ्जाको गल्याङ नगरपालिका-१ बाट डाइभर्ट गरेर तिनाउ खोलामा झार्ने गरी अगाडि बढाउन लागिएको परियोजनाले गण्डकी प्रदेश र नदीको जलाधार क्षेत्र राम्दीदेखि देवघाटसम्मका लाखौं स्थानीय बसिन्दालाई प्रभावित पार्नेसमेत रिटमा छ।

# कास्कीमा कांग्रेसका १९ हजार १४२ क्रियाशील सदस्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ असार**

नेपाली कांग्रेस कास्कीले क्रियाशील सदस्यको विवरण पार्टीको केन्द्रीय कार्यालयलाई बुझाएको छ।

कास्की कांग्रेसका सभापति कृष्ण केसीको नेतृत्वमा पुगेको पदाधिकारीको टोलीले विवरण बुझाएको हो। जिल्लाबाट पार्टीका नयाँ र पुराना गरी १९ हजार १४२ जना क्रियाशील सदस्यको नामावली बुझाएको प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो। टोलीले पार्टीका केन्द्रीय नेतासँग भेटघाट गरी मुलुकको पछिल्लो राजनीतिक अवस्था एवं पार्टीको आगामी १४ औं महाधिवेशनबारे छलफल गरेको उहाँले बताउनुभयो।

टोलीमा उपसभापति आइबहादुर गुरुङ, सचिव सुदीपमोहन भट्टराई, देवेन्द्र रानाभाट, कोषाध्यक्ष लक्ष्मी पाण्डे र प्रवक्ता सिग्देल हुनुहुन्थ्यो।

# गण्डकी...

आर्थिक क्रियाकलापहरु फस्टाउन सकेका छैनन्, एकल मुद्रा प्रचलनमा रहेको र नीतिपनि एउटै रहेको हुँदा प्रदेशगत रुपमा अलग अलग मौद्रिक नीति व्यवस्था गर्न नसकिने सोचमा राष्ट्र बैंक हुन सक्छ।" आफुहरुले यसपाली गण्डकी प्रदेशका निजी क्षेत्रसंगको सहकार्यमा प्रादेशीक मौद्रिक निती ल्याउने बिषयमा छलफल गरेर सुझाव दिएकोले उक्त सुझावहरु अधिकांश समेटिने विश्वास व्यक्त गरे। प्रदेशले आफ्ना प्राथमिकताका क्षेत्रहरुमा उर्जा कृषि, उद्योग, पूर्वाधार, मानव संसाधन लगायतका क्षेत्रलाई समेत यो प्रदेशले महत्वपूर्ण क्षेत्रका रुपमा स्वीकार गरेको उनले जनाए।

देश संघियताको मोडलमा गए पनि प्रादेशिक रुपमा मौद्रिक निती आउन नसक्दा आर्थिक समृद्धि र विकास गर्न नसकिएकोले आर्थिक विकासको लक्ष्यलाई पुरा गर्न पनि प्रादेशिक मौद्रिक नीति आवश्यक भयर आफुहरुले पहिलो पटक राष्ट्र बैंकलाई संस्थागत रुपमा सुझाव दिएको उनले जनाए। उनले भने "हरेक प्रदेशका उपलब्ध स्रोत साधन, जनशक्ति, उत्पादनका क्षेत्र, व्यवसायिक दक्षता, तुलनात्मक लाभका क्षेत्र, बजारसंगको पहुँच, हावापानी, धर्म सस्कृति र मुल्य मान्यताले आर्थिक गतिविधिहरु प्रभावित हुने गर्दछ।" भौगोलिक, वातावरणीय र साँस्कृतिक रुपमा निकै विविधता भएको नेपालमा प्रदेशहरुको अवस्था पनि फरक फरक रहेको बताएका काफ्लेले प्रदेशहरुले आर्थिक सम्भावनाका दृष्टिबाट पनि अलग अलग विशिष्टता बोकेको उपाध्यक्ष डा. काफ्लेले बताए।

# दुई हजार ...

सक्रिय सङ्क्रमितमध्ये संस्थागत आइसोलेसनमा दुई हजार ७८८ छन्। यसैगरी ५७१ आइसियूमा र १६१ जना भेन्टिलेटरमा बसेर उपचार गराइरहेका छन्।

नेपालमा हालसम्म कोरोना निको हुनेको सङ्ख्या छ लाख १४ हजार ३२७ पुगेको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार २९१ भएको छ। देशभर ३३ लाख ९१ हजार ३७९ नमूनाको पिसिआर परीक्षण गरिएको छ। क्वारेन्टिनमा ३२३ जना रहेका छन्। आइसोलेसनमा रहनेको सङ्ख्या २६ हजार ५४४ छ। काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा ५४३ सङ्क्रमित थपिएका छन्। काठमाडौँमा ३९०, ललितपुरमा ८७ र भक्तपुरमा ६७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ।



शालिक शिलान्यास गरिँदै : पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसी पोखरा-१८ स्थित राष्ट्रिय विभूति तथा शहीद पार्कभित्र स्थापना गरिने जननेता मदन भण्डारीको पूर्ण कदको शालिकको बुधबार शिलान्यास गर्दै। तस्वीर : कृष्ण दवाडी/रासस

# पर्वतमा खोलाले गाडी बगायो, तीन जना बेपत्ता

**पोखरापत्र संवाददाता**
**पर्वत, २३ असार**

जिल्लाको कुश्मा नगरपालिका-८ मा पर्ने सुन्दरे खोलाले गाडी बगाउँदा गाडीमा सवार तीन जना बेपत्ता भएका छन्।

गए रातिको भीषण वर्षाले बढेको खोला तर्ने क्रममा मध्यपहाडी लोकमार्गको पर्वत खण्ड निर्माण कम्पनी लामा कन्स्ट्रक्सनको गाडी र त्यसमा सवार तीन जना बेपत्ता भएका हुन्। बेपत्ता हुनेमा कन्स्ट्रक्सनका साइट इन्चार्ज इञ्जीनियर राजाराम आचार्य र गाडी चालक इन्द्र थारु रहनुभएको छ। अर्का एक जनाको नाम खुल्न नसकेको प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले जानकारी दिनुभयो।

प्रहरीले राति १२ बजेदेखि नै खोजी गरिरहे पनि अवस्था पत्ता लाग्न सकेको छैन। अहिले पनि सुन्दरेखोला र मोदीखोलामा खोजी भइरहेको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनुभयो। बाढीले तीनवटा घरपनि बगाएको छ। खोला किनारमा रहेका घर बाढीले बगाए पनि घरभित्रका मानिसहरू घर छोडेर भागेपछि बाँच्न सफल भएको प्रहरीले जनाएको छ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# जसपाको विवाद

जनता समाजवादी पार्टी (जसपा)को विवाद समाधान हुन नसकेपछि निर्वाचन आयोगको इजलासमा पुगेको छ। एक वर्ष अघि राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टी एकीकरण भइ जसपा बनेको थियो । दुई दलको तल्लो तहमा एकीकरण नहुँदै विभाजनमा जाने बाटोमा पुगेको छामहन्त ठाकुर  अध्यक्ष रहेको समूह र उपेन्द्र यादव अध्यक्ष रहेको समुहले पार्टीलाई एकताबद्ध बनाउनु भन्दा आफ्नो समुहलाई आधिकारिक मान्यता दिनुपर्ने माग गर्दै आएका छन।दुवै पक्षलाई सहमति जुटाउने प्रयास सफल भएको छैन । आधिकारिकता सम्बन्धी विवाद समाधान गर्न  निर्वाचन आयोगले इजलास गठन गरेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाको अध्यक्षतामा बुधबार इजलास गठन भएको छ । इजलासमा आयुक्तहरू इश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी, जानकीकुमारी तुलाधर र सगुन सम्शेर जबरा सदस्य छन्। ३ साउन ११ बजेदेखि इजलासमा सुनुवाई सुरु हुने जानकारी आयोगले दिएको छ। दुबै पक्षलाई आयोगले आफ्ना आधिकारिक प्रतिनिधि पठाउन पत्राचार गरेको छ। कुनै पक्षको प्रतिनिधि अनुपस्थित भए पनि सुनुवाई भने नरोकिने आयोगले जनाएको छ। आयोगमा दुवै पक्षले आफू आधिकारिक रहेको दाबी गरेका छन्। जसपा अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव पक्षले मंगलबार सहमति दिएपछि आयोगले कानूनी प्रक्रिया अगाडि बढाएको हो।

बैकल्पिक राजनीतिक शक्ति बन्ने भन्दै एक वर्षअघि एकिकृत भएको जसपा अरुका कारण विभाजनको मुखमा छामहन्थ ठाकुरले नेतृत्व गरेको राष्ट्रिय जनता पार्टी (राजपा) र उपेन्द्र यादवले नेतृत्व गरेको समाजवादी पार्टी मिलेर जनता समाजवादी पार्टी(जसपा) बनेको थियो । नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेकपा बने जस्तै गरि दुई अध्यक्ष राखेका थिए। महन्थ ठाकुर पहिलो अध्यक्ष र उपेन्द्र यादव दोस्रो अध्यक्ष रहने गरि पार्टी एकता भएको हो। उपेन्द्र यादवको पार्टी विभाजन रोक्न जसपा बनेको हो। तत्कालीन राजपाले उपेन्द्रलाई उद्धार गरेको हो। मधेस आन्दोलनका माग पुरा गराउन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई सघाउने विषयमा चर्केको विवाद एकले अर्कोलाई लखेट्ने अवस्थामा पुगेका छन।

महन्थ पक्षलाई हटाउन उपेन्द्र पक्षको कार्यकारिणी समितिको बैठक बस्दै गर्दा पार्टीका अर्का अध्यक्ष महन्थ ठाकुरले २० जना कार्यकारिणी समिति सदस्य थपेर सो नामावली निर्वाचन आयोगलाई बुझाएका छन् । काङ्ग्रेस सभापति शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्ने उपेन्द्र पक्ष र केपी शर्मा ओलीको सरकारमा सहभागी महन्त पक्षको लडाइँ आफ्नो पार्टी जोगाउने भन्दा एकले अर्कोलाई सिध्याउन लागिपरेका छन।दुवैतर्फबाट भएका गतिविधि दललाई बलियो बनाउने छैनन् । दलहरुको आन्तरिक लोकतन्त्र र विवाद समाधानका लागि लचकता देखाउन नसक्ने नेतृत्वको कारण हो । रात रहे अग्राख पलाउँछ भन्ने उखान संझेर नेतृत्वले लचिलोपन देखाउन सके विभाजन टार्न सकिन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : झमेला बड्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# चामेको बजेट ३४ करोड

रासस
मनाङ, २३ असार

जिल्ला सदरमुकामसमेत रहेको हिमाली जिल्ला मनाङ्को चामे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि रु ३४ करोड ४१ लाख ६१ हजार बराबरको बजेट ल्याएको छ।

बुधबार आयोजित नवौं नगरसभामा गाउँपालिकाका उपाध्यक्ष मुनिन्द्रजङ गुरुङले सङ्घीय, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोग र गाउँपालिकाको आन्तरिक आम्दानीसहित उक्त बजेट सार्वजानिक गर्नुभएको हो।

# पृथ्वीको तापक्रम वृद्धिदरमा अहिलेकै अवस्था रहेमा पानीको मात्रा बढ्ने- भीष्मराज ओझा

पोखरापत्र संवाददाता
बागलुङ, २३ असार

जलवायु परिवर्तनको असरले सन् २०५० सम्ममा पानीको मात्रा आठ देखि १२ प्रतिशतले वृद्धि हुनसक्ने विज्ञहरूले औंल्याउनुभएको छ । जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम वृद्धिदरमा अहिलेकै अवस्था रहेमा पृथ्वीमा पानीको मात्रा बढ्ने उहाँहरूले औँयाउनुभएको हो।

स्वच्छ ऊर्जा नेपालसँगको सहकार्यमा नेपाल वातावरण पत्रकार समूहले सोमबार आयोजना गरेको कार्यक्रममा जलवायु परिवर्तन विषयका विज्ञ मञ्जित ढकालले सन् २०५० सम्ममा अहिलेको हिसाबले तापक्रम वृद्धि हुने हो भने पृथ्वीमा आठ देखि १२ प्रतिशतसम्म पानीको मात्रामा वृद्धि हुनसक्ने बताउनुभयो । "अहिलेको तापक्रम वृद्धिदर नियन्त्रणका उपाय अवलम्बन नगरिए सन् २०५० सम्ममा पृथ्वीको तापक्रम थप एक दशमलव तीन डिग्री सेल्सियसदेखि एक दशमलव आठ डिग्री सेल्सियससम्म पुग्नसक्छ", उहाँले भन्नुभयो । अहिलेसम्म पृथ्वीको आर्सम तापमान (औद्योगिकीकरण समयपछि) करिब एक डिग्री सेल्सियसले वृद्धि भइरहेको उहाँले जानकारी दिनुभयो । सन् २०१५ मा भएको पेरिस सम्झौताले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने प्रतिबद्धता जनाएको छ।

अहिले नेपालमा भएका ८० प्रतिशतभन्दा बढी विपद्का घटना पनि जलवायु परिवर्तनको प्रभावले भएको विज्ञ ढकालले बताउनुभयो । उहाँका अनुसार नेपालमा भएका सुक्खा खडेरी, पहिरो, हिमताल विस्फोटन र तापक्रम वृद्धिका घटनाहरूको मुख्य कारण नै जलवायु परिवर्तन हो। साथै उहाँले जलवायु परिवर्तनको असरले पारेको जोखिम न्यूनीकरणमा नेपाल सरकारले राम्रा कामहरू पनि गरिरहेको बताउनुभयो।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का अनुसार नेपालमा करिब तीन हजार २५२ हिमनदी र दुई हजार ३२३ हिमतालहरू छन् । धेरैजसो हिमनदीहरूको आकारमा परिवर्तन आइसकेको छ भने २० वटा हिमताल जोखिममा छन्। विभिन्न अध्ययनका अनुसार नेपालमा हिमनदीहरू द्रुत गतिमा पग्लिँदै गइरहेका छन् । वातावरण पत्रकार राजेश घिमिरेले बढ्दो तातोपनाका कारण विशेषगरेर झाडापखाला र लामखुट्टे जातिबाट सर्ने मलेरिया, कालाजार, जापानिज इन्सेफलाइटिस् जस्ता रोगमा वृद्धि भई यसबाट हुने मृत्युदर बढ्ने र बाढी पहिरोका घटनाको बेला शुद्ध पिउने पानीको अभावले धेरै मानिसहरू पानीजन्य रोगबाट पीडित हुनसक्ने बताउनुभयो।

जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय मञ्चका अनुसार सन् १८८० देखि २०१२ सम्ममा पृथ्वीको औसत तापक्रम शुन्य दशमलव ८५ डिग्री सेल्सियसले बढिसकेको छ र यो क्रम जारी छ। पृथ्वीको आर्कटिक क्षेत्रको समुद्री बरफ प्रतिदशक तीन प्रतिशतले घटिरहेको छ। यस्तै सन् १९०० देखि २०१९ को अन्त्यसम्मको समयावधिमा समुद्री सतह शून्य दशलमव १८ देखि शून्य दशमलव दुई मिटरले बढेको छ । परिवर्तित जलवायुमा अनुकूलतापूर्वक बाँच्नका लागि स्थानीय व्यक्तिहरूले अवलम्बन गरेका कार्यको पहिचान गरी त्यसको विकास तथा आदानप्रदान गर्ने काम नेपाल सरकारले गरिरहेको छ। स्वच्छ ऊर्जा नेपालले पनि अनुकूलनसँग सम्बन्धित विभिन्न कोषलाई जोखिमपूर्ण अवस्थामा रहेका समुदायसम्म पुऱ्याउन स्थानीय, क्षेत्रीय र राष्ट्रिय संयन्त्र र संस्थागत संरचनाको विकास गर्ने काममा पैरवी गरिरहेको जनाएको छ।

जलवायुसम्बन्धी जनचेतना अभिवृद्धि, शैक्षिक क्षेत्रमा यसको पाठ्यक्रमको विकास र विभिन्न सरोकारवालाबीचको सहकार्य र समन्वयलाई प्रोत्साहन गर्ने कामलाई पनि अनुकूलनको अभ्यासका रूपमा लिन सकिने स्वच्छ ऊर्जा नेपालका वरिष्ठ अधिकृत लालमणी वाग्लेले बताउनुभयो।

ऊर्जाका लागि प्रयोग भइरहेका पेट्रोलियम पदार्थ एवं कोइलाको प्रयोगमा कम गर्न सकिन्छ। नवीकरणीय ऊर्जाहरू सौर्य ऊर्जा, जलविद्युत्, वायुशक्ति, बायो ग्यास, भू-ताप आदिको प्रवर्द्धन गरी उपयोग गरेमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सकिने विज्ञहरूको सुझाव छ।

# पहिराले बेनी-जोमसोम र बेनी-दरबाङ सडक अवरुद्ध

पोखरापत्र संवाददाता
म्याग्दी, २३ असार

अविरल वर्षाका कारण विभिन्न ठाउँमा पहिरो खसेपछि बेनी-जोमसोम-कोरला सडक र बेनी-दरबाङ सडक आज बिहानैदेखि अवरुद्ध भएका छन् । गए रातिको भिषण वर्षाका कारण म्याग्दी र मुस्ताङलाई जोड्ने राष्ट्रिय राजमार्ग बेनी-जोमसोम-कोरला सडक खण्डअन्तर्गत विभिन्न चार ठाउँमा पहिरो खसेर सडक बन्द भएको छ।

त्यसैगरी पश्चिम म्याग्दीको मङ्गला, मालिका र धौलागिरि गाउँपालिका जोड्ने बेनी-दरबाङ सडकखण्ड पनि पहिराले अवरुद्ध भएको छ । पहिराले उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपालिका-३, चमेरे, रघुगङ्गा-१, बेगखोला र अन्नपूर्ण-३, दानामा बेनी-जोमसोम-कोरला सडकखण्डमा क्षति पुऱ्याएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ । सडक माथिबाट खसेको लेदो, ढुङ्गामाटो र गेगरसहितको पहिरोले सडक पुरिएपछि अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङले बताउनुभयो। उता पश्चिम म्याग्दीका तीन गाउँपालिका र बागलुङ जिल्लाका विभिन्न गाउँ जोड्ने बेनी-दरबाङ सडक अवरुद्ध हुँदा यातायात ठप्प भएको छ। सडकभन्दा माथिबाट खसेको पहिरोले बेनी नगरपालिका-४, घुमाउनेभीर तथा मालिका-६, दरबाङको बाङ्गे पहिरो भन्ने ठाउँमा सडक बन्द भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

सडक खुलाउने प्रयास भइरहे पनि सडकमा लेदो बगिरहेकाले समस्या भएको प्रहरीले जनाएको छ। स्मरणीय छ गए राति म्याग्दीको मङ्गला गाउँपालिका-५ अर्मनको छिस्बाङ खहरे खोलामा आएको बाढीले घर बगाउँदा दुई जनाको ज्यान गएको छ।

# विपद् र सडकलाई प्राथमिकतामा राखेर नार्पाभूमिले सार्वजनिक गऱ्यो बजेट

रासस
मनाङ, २३ असार

देशभरका धेरैजसो स्थानीय तहले असार १० गतेभित्रै बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् तर मनाङको नार्पाभूमि गाउँपालिकाले अविरल वर्षापछि आएको बाढीपहिराका कारण ढिलो गरी बजेट सार्वजनिक गरेको छ। गाउँपालिकाले असार २० र २१ गते दशौँ गाउँसभाबाट विपद् व्यवस्थापन र सडकलाई प्राथमिकतामा राखेर बजेट सार्वजनिक गरेको छ।

गाउँसभाले रु १८ करोड ५१ लाख ८७ हजार बराबरको बजेट विनियोजन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उज्ज्वल बाँस्तोलाले जानकारी दिनुभयो । उहाँका अनुसार बाढीपहिराका कारण पालिकाका सदस्य नै उपस्थित हुनसक्ने अवस्था नभएकाले केही ठाउँबाट घोडेटो बाटो मर्मतपछि गाउँसभा सम्पन्न गर्न सहज भएको हो।

"बाढीपहिराले न त गाउँसभा समयमा गर्न सकियो, न राम्रोसँग छलफल गर्न नै, तर केही विषयमा राम्रोसँग छलफल गरी बजेट सार्वजनिक गरेका छौँ", नार्पाभूमि गाउँपालिका अध्यक्ष मिङ्मार लामाले भन्नुभयो। बाढीपहिराले नार्पाभूमि मात्रै नभई जिल्लालाई नै धेरै समस्यामा पारेको उहाँले बताउनुभयो। गाउँसभाको दिनमा पनि बाटो अवरुद्ध हुँदा सभाका सदस्य समयमै सभास्थलमा आउन नसक्दा ढिलो गरी शुरु गरिएको थियो।

संविधानमा भएको बाध्यकारी अवस्थाले गर्दा ढिलै भए पनि सभा सञ्चालन गरिएको लामाले बताउनुभयो । बाढीपहिराले बढी क्षति पुऱ्याएकाले कोतो-छ्ययाछ्या-हुलाकीओडार-मेता सडकखण्डको बाटो मर्मतका लागि रु ५० लाख विनियोजन गरिएको उहाँले बताउनुभयो। साथै क्याङबाट फूगेट हुँदै फूगाउँसम्मको बाटो मर्मत गर्न रु २० लाख विनियोजन गरिएको छ। गाउँपालिकाले सवारी साधन खरिदको योजना कटौती गरी बजेट विनियोजन गरेको छ । गाउँसभाले शिक्षा, स्वास्थ्यलाई पनि प्राथमिकतामा राखेको छ।

# तीन दिन भारी वर्षाको सम्भावना

रासस
दमौली, २३ असार

जिल्ला प्रशासन कार्यालय तनहुँले तीन दिन भारी वर्षा हुने भएकाले सतर्कता अपनाउन अपिल गरेको छ।

प्रशासनले बुधबारदेखि शुक्रबारसम्म भारी वर्षाको सम्भावना रहेकाले सतर्कता अपनाउन आग्रह गरेको हो । आज सूचना जारी गर्दै प्रशासनले नदी तथा खोला छेउछाउ नजान सर्वसाधारणलाई आग्रह गरेको छ।

जल तथा मौसम विज्ञान विभाग पूर्वानुमान महाशाखाले आज प्रकाशन गरेको मौसम बुलेटिनअनुसार भारी वर्षाको सम्भावना रहेकाले बाढी, पहिरो, डुबान हुन सक्ने हुँदा उक्त घटनाबाट बच्न सतर्कता अपनाउन आग्रह गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालद्वारा जारी सूचना अनुसार बाढीपहिरो र डुबान हुने क्षेत्रमा नजान, नदी खोलामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा सङ्कलनलगायतका कुनै पनि कार्य नगर्न र सेतीमादी, त्रिशूली, मर्स्याङ्दी नदीलगायत खोलाको छेउछाउ नजान आग्रह गरिएको छ।

कुनै विपद्को घटना भएमा तत्काल जिल्ला आपतकालीन सञ्चालन केन्द्रको फोन नम्बर ०६५५६११६१, प्रमुख जिल्ला अधिकारीको फोन नम्बर ९८५६०६७७७७, सहायक प्रमुख जिल्ला अधिकारीको फोन नम्बर ९८५६००११११रप्रहरीउपरीक्षकको फोन नम्बर ९८५६०६५५५५ मा सम्पर्क गर्न आग्रह गरिएको छ।

## सूचना।

म्याग्दी जिल्लाको साबिक शिख गाबिस वडा नं. ९ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने म भारतीय सैनिकमा कार्यरत जे.सी. नं. 608210M सुबेदार नरबहादुर तिलिजा पुनको अफिसियल डकुमेन्टमा गाउँको नाममा Pagdwar भएको हुँदा सो गाउँको नाममा Paudwar मा भएको ब्यहोरासहितको आवश्यक कागजातहरु संलग्न गरेको जानकारी गराउन चाहन्छु ।

तपसिल:

नामः सुबेदार नरबहादुर तिलिजा पुन
ठेगानाः अन्नपूर्ण-५, शिख, म्याग्दी
(साबिक शिख गाबिस वडा नं. ९)
जे.सी. नं: 608210M
नागरिकता नं: ४९१०१३/२५११
मोबाइल नं: ९८४७४०९८२७

# शिविरमा ८६ व्यक्तिगत घटना दर्ता

पोखरापत्र संवाददाता
तनहुँ, २३ असार

तनहुँको आँबुखैरेनी गाउँपालिका-६ ज्यामिरे निवासी तिर्सरा गुरुङको छोरी जन्मिएको एक महिना पुग्यो । उहाँले घर नजिकै सञ्चालित दर्ता शिविरबाट छोरीको जन्मदर्ता गराउनुभयो । पैंतीस दिनभित्र वडा कार्यालयमा पुगेर निःशुल्क घटना दर्ता गराउन सकिन्छ।

छोरीको जन्मदर्ताका लागि गुरुङलाई वडा कार्यालयसम्म पुग्न परेन। आँबुखैरेनीले वडाका विभिन्न ठाउँमा सञ्चालन गरेको दर्ता शिविरले गुरुङलाई सहज भयो । गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकको व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता लिने विवरण दर्ता तथा गुनासो दर्ता सुनुवाइ गर्ने उद्देश्यले गाउँपालिकाले प्रत्येक वडाका विभिन्न ठाउँमा आइतबारदेखि शिविर सञ्चालन गरेको छ। घटना दर्ताका लागि वडा कार्यालयसम्म पुग्नुपर्ने स्थानीयवासीलाई शिविरले राहत मिलेको छ। गाउँपालिकाका छवटै वडामा एकैसाथ शिविर शुरु भएको छ। आँबुखैरेनी वडा नं १ को समस्तीपुर र याञ्चोक, वडा नं २ को सहकारी टोल र तिलबारी, वडा नं ३ को ज्यामस्वारा र पानीघट्टा, वडा नं ४ को बेनीटार र भाँगे, वडा नं ५ लाब्दी र सानोभञ्ज्याङ र वडा नं ६ को हिलेखर्क र प्युघरफाँटमा शिविर सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिनुभयो । गाउँपालिकाका सूचना प्रविधि अधिकृत निरोज श्रेष्ठका अनुसार शिविरमा मङ्गलबारसम्म ८६ व्यक्तिगत घटना दर्ता भएका छन् । त्यस्तै २० गुनासो र एक सामाजिक सुरक्षा भत्ताका लागि नाम दर्ता भएको छ।

दर्ता शिविरमा सहभागी भई विवरण बुझाई घरदैलो सेवाको लाभ लिन गाउँपालिकाले आग्रह गरेको छ । शिविरका क्रममा पायक पर्ने स्थानमा गई व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइसराइँ) को विवरण लिने तथा सामाजिक सुरक्षा भत्ता लिन योग्य भई छुटेका लाभग्राहीको विवरण सङ्कलन गरिन्छ । व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचयपत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापना गर्न आवश्यक पर्छ। शिविर असार २५ गतेसम्म सञ्चालन हुनेछ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ बाम्दी ओखलढुंगा हुदैं घडेरी जोड्ने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** बाम्दी ओखलढुंगा हुदैं घडेरी जोड्ने सडक निर्माण
**स्थानः** पोखरा–२३
**योजना सम्झौता मिति :** २०७८/०१/२६ गते
**योजना सम्पन्न हुने मिति :** २०७८/०३/२५ गते
**योजनाको कुल लागत :** रु. २५,०५,८२०.०७।–
**महानगरपालिकाबाट प्राप्त रकम :** रु. २१,२५,०००।–
**जनसहभागिताः** ३,७५,०००।–
**अध्यक्षः** शिवलाल पराजुली
**कोषाध्यक्षः** यशोदा बराल पराजुली
**सचिवः** कृष्ण प्रसाद पराजुली

**बाम्दी ओखलढुंगा हुदैं घडेरी जोड्ने सडक उपभोक्ता समिति पोखरा-२३**

# एक वर्षमा ७६२ उद्योग र व्यावसायिक फार्म थपिए

**रासस**
**म्याग्दी, २३ असार**

म्याग्दी जिल्लामा पछिल्लो एक वर्षको अवधिमा ७६२ वटा उद्योग र व्यावसायिक फार्म थप भएका छन् । घरेलु तथा साना उद्योग कार्यालयमा म्याग्दीमा नयाँ ५०० वटा उद्योग र २६२ वटा वाणिज्य फार्म दर्ता भएका हुन् ।

विसं २०७७ साउनदेखि २०७८ असार अन्तिम हप्तासम्म दर्ता भएका उद्योग र वाणिज्य फार्मबाट रु २६ लाख आठ हजार १२३ राजस्व सङ्कलन भएको कार्यालयका प्रमुख नन्दलाल पौडेलले जानकारी दिनुभयो । "पहिलेदेखि नै सञ्चालन भएका उद्योग तथा फार्म कानूनी दायारामा आउनुका साथै उद्यम व्यवसायतर्फको आकर्षणका कारणले दर्ता सङ्ख्या बढेको हो," उहाँले भन्नुभयो, "नयाँ फार्म तथा उद्योग दर्ता गर्नेमा धेरैजसो युवा छन् ।" उद्योग दर्ताबाट रु १४ लाख ३४ हजार १२३ र वाणिज्य फार्म दर्ताबाट रु ११ लाख ७४ हजार राजस्व सङ्कलन भएको हो । नयाँ दर्ता भएका ५०० वटामध्ये ३६८ वटा कृषि तथा वन पैदावारमा आधारित छन् । यसअघि दर्ता भएका २९८ उद्योग र ३९८ वटा वाणिज्ण फार्म नवीकरण भएका छन् । यसैगरी चालू आर्थिक वर्षमा कूल रु एक करोड १६ लाख २८ हजार बजेट विनियोजन भएको घरेलु कार्यालयले भौतिकतर्फ ९९ र वित्तीय तर्फ ७६ प्रतिशत प्रगति गरेको जनाएको छ । २८५ जनालाई सीपमूलक तालीम प्रदान गरेको छ । एक सय ५१ जनालाई उद्यमशीलता विकास, ३८ जनालाई युवा उद्यमशीलता सीप विकास, २७ जना उद्यमी सिर्जना, १६ जनालाई उद्योग प्रवर्द्धन, कोरोनाका कारणले श्रम छाडी घर फर्केका ३५ जनालाई सीप विकास, १८ जनालाई परम्परागत सीपमा आधारित व्यवसाय प्रवर्द्धन तालीम प्रदान गरेको छ । अल्लो तथा ढाकाको झोला, पर्स डिजाइन, हलुका सवारी चालक, सिलाइकटाई, ब्यूटीपार्लर, कम्प्युटर, हाउस वायरिङसम्बन्धी तालीम दिएको हो । कार्यालयले आज बेनीमा समीक्षा कार्यक्रमको आयोजना गरेर वार्षिक गतिविधि सार्वजनिक गरेको हो । कार्यक्रममा सहभागी जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्र केसी, बेनी नगरपालिकाका प्रमुख हरि कुमार श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारी, म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवाललगायतले सीपमूलक तालीम र बजार अनुगमनलाई प्रभावकारी बनाउन सुझाव दिनुभयो ।

# बाढीले घर बगाउँदा एकको मृत्यु, एक बेपत्ता

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २३ असार (रासस)**

जिल्लाको मालिका गाउँपालिका-६ रातोढुङ्गामा बाढीले घर बगाउँदा बुधबार बिहान एक जनाको मृत्यु भएको छ । बाढीबाट एक जना बेपत्ता भएका छन् ।

मङ्गला गाउँपालिका-५ को खहरेखोलामा आएको बाढीले म्याग्दी खोलाको धार परिवर्तन गराएर कटान गर्दा खगेन्द्र रोकाको घर बगाएको हो । घरभित्र सुतिरहेका मालिका-६ का खगेन्द्रका छोरा बजिन र बुहारी बिनालाई बाढीले बगाएको मालिका-६ का वडाध्यक्ष सन्तोष सुवेदीले जानकारी दिनुभयो ।

बजिनको शव भेटिएको र बिना बेपत्ता भएको वडाध्यक्ष सुवेदीले बताउनुभयो । इलाका प्रहरी कार्यालय दरबाङबाट खटिएका प्रहरी, जनप्रतिनिधि र स्थानीयबासीहरू बेपत्ताको खोजीका साथै जोखिममा रहेका घरको व्यवस्थापनमा परिचालन भएका छन् । खहरेखोलाको बाढी पसेर मङ्गला गाउँपालिकातर्फ पनि एउटा घरमा क्षति पुगेको छ । रातोढुङ्गाको बस्ती, निर्माणाधीन ३२/११ केभी क्षमताको सबस्टेशन र सयौं रोपनी खेतीयोग्य जमीन जोखिममा परेको छ ।

इलाका प्रहरी कार्यालय दरबाङका प्रहरी निरीक्षक सन्तोष पौडेलले घटनास्थल पुगेर क्षतिको विवरण सङ्कलन, बेपत्ताको खोजी र जोखिममा परेका घरधुरी व्यवस्थापनमा जुटेको बताउनुभयो ।

# वर्षाले व्यासका ५५ घरमा क्षति

**पोखरापत्र संवाददाता**
**दमौली, २३ असार**

केही दिन अगाडि आएको वर्षाले व्यास नगरपालिकाभित्रका ५५ घरमा क्षति पुर्‍याएको छ ।

निरन्तरको वर्षासँगै आएको बाढीपहिराले नगर क्षेत्रभित्रका ५५ घरमा क्षति पुगेको हो । वर्षाले कयौं वस्तुभाउ, कुला, बाटाहरू क्षतिग्रस्त भएका छन् भने बुद्धसिंमार्गअन्तर्गत छाब्दीखोलामा पुल भत्किएको नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । त्यस्तै व्यास-९ माझफाँटमा खोलाले बगाएर ७३ वर्षीय नरबहादुर विष्ट बेपत्ता भएका छन् । नगरपालिकाले वर्षापीडित परिवारलाई राहत दिने निर्णय गरेको छ ।

साथै अवरुद्ध बाटाहरू खुलाउने, अन्य तत्काल मर्मतसम्भार गर्न सकिने कुला मर्मत गरिने भएको छ भने छाब्दीखोलाको बुद्धसिंमार्गमा पुलको वैकल्पिक व्यवस्था मिलाउने निर्णयसमेत भएको श्रेष्ठले बताउनुभयो ।

# देखिएनन् खेतमा हलो-जुवा र गोरु, सुनिएन कतै असारे गीत

**– ध्रुवसागर शर्मा**
**गलेश्वर, २३ असार (रासस)**

असारको तेस्रो साता बितिसकेको छ । मानो खाएर मुरी उब्जाउने महिनाका रूपमा लिइने असारको शुरुआतदेखि नै किसान रोपाइँमा व्यस्त छन् ।

दर्के झरी र चर्को घामको पर्वाह नगरी म्याग्दीका ग्रामीण क्षेत्रमा किसानले रोपाइँ गरिरहेका छन् । कोरोना महामारी रोक्न गरिएको निषेधाज्ञाले किसानलाई छोएको छैन । रोगले भन्दा भोक मरिएला भन्दै मानो रोपेर मुरी उब्जाउने चटारो यतिबेला किसानलाई छ । किसान रोपाइँमा व्यस्त भए पनि रोपाइँको मौलिकता भने हराउँदै गएको छ । कृषिमा यान्त्रिकीकरण र प्रविधिको प्रयोग बढ्दै गएपछि रौथाने प्रविधि लोप हुँदै गएका छन् । हलो-जुवा र गोरुको ठाउँ मिनिट्रिलर हलोले लिएको छ भने असारे गीत पनि सुनिन छाडेको छ । "पहिला-पहिला धान राम्रो फलोस् भनेर बराहा र सीमे भुमेलाई पूजा गरी बीउ चढाएर रोपाहारहरूले असारे गीतको भाकासँगै धान रोप्न शुरु गर्दथे", बेनी नगरपालिका-२ बगरफाँटका ८६ वर्षीय वेदप्रसाद उपाध्यायले भन्नुभयो, "तर अहिले यी सबै कुरा हराउँदै गएका छन् । खेतका फाँटमा रोपाइँ सकियो तर न हलो-जुवा र गोरु देखिए न असारे भाका नै सुनियो ।"

सिमसिमे पानी परेको बेला केही छैन ओत लाग्ने

जति नै राम्रो गर्छु तै पनि मैलाई हो खोट लाग्ने ।

यस्तै-यस्तै शब्दहरूमा असारे भाका हालेर दिनभर रमाइलो गर्दै खेतमा धानको बीउ रोप्ने गरेको मालिका गाउँपालिका-५ की अममति फगामी झलझली सम्झिनुहुन्छ । "बिहान खेतमा पसेदेखि मेलो नसकुञ्जेल गाइरहन्थ्यौं, सबै साथीले भाका मिलाएर गाउँदा दिन बितेको पत्तो नै हुँदैनथ्यो, तर आजकल यी सबै कुरा कथाजस्ता हुन लागिसेके", ७४ वर्षीया फगामीले भन्नुभयो । अहिले न असारे भाका गाउन जान्ने फगामीका दौंतरी छन्, न त छोरीबुहारीले गाउन जानेका छन् । धान रोप्दै गाइने असारे गीतमा दुःख, पीडा, हँस्यौली ठट्यौली, मायापिरतीका कुरा पनि समेट्ने गरेको उहाँले सुनाउनुभयो ।

अहिलेका युवापुस्ता प्रविधितर्फ आकर्षित भएकाले परम्परागत सीप, साधन, कला र संस्कृति हराउँदै जान थालेकामा स्थानीय बूढापाकाहरूले चिन्ता व्यक्त गरेका छन् । "कृषिमा प्रविधिको प्रयोग गरी कम लागतमा बढी आम्दानी लिनु त राम्रो कुरा हो", बेनी-२ खबराका अगुवा कृषक चन्द्रबहादुर कार्कीले भन्नुभयो, "तर परम्परागत सीप र साधनमा जैविक विधिबाट गरिने कृषि पद्धतिलाई पनि चटक्कै बिर्सनु भने हुँदैन ।" कृषिसँग नेपालीहरूको जीवन पद्धति पनि जोडिएको छ । ऐँचोपैँचो, सर-सापट, अर्म-पर्म, हुद्धा-डफ्फा, श्रमदान, सघाइ यी चलन नेपालीका मौलिक चलन हुन् र यी कृषिसँग नै सम्बन्धित चलनहरू भएका बूढापाकाहरू बताउँछन् । यिनै प्रचलनहरूको जगमा नै नेपाली समाजको एकता र विविधता दुवै समेटिएको बेनीका पुराना लोक कलाकार अबिरकुमार श्रेष्ठले बताउनुभयो । असारे भाकासँगै अर्मपर्म गरी रोपाइँ गर्ने चलन पनि गाउँघरमा विस्तारै हराउँदै छ । अहिले कोरोना सङ्क्रमणका कारण जारी निषेधाज्ञाले गाउँमा जनघनत्व बढेको भएर अर्मपर्म गर्नेहरू बढेका भए पनि यो अस्थायी भएको स्थानीयवासीको भनाइ छ । म्याग्दीमा असार तेस्रो सातासम्म ६० प्रतिशतभन्दा बढी रोपाइँ भइसकेको स्थानीय तहका कृषि प्राविधिकहरूले जानकारी दिएका छन् ।

# पाँच स्वास्थ्य संस्थालाई अक्सिजन कन्सन्ट्रेटर

**पोखरापत्र संवाददाता**
**बलेवा, २३ असार**

गैरआवासीय नेपाली सङ्घ( एनआरएनए)को सहयोगमा बडिगाड गाउँपालिकाभित्रका पाँच स्वास्थ्य संस्थाका लागि अक्सिजन कन्सन्ट्रेटर मेसिन हस्तान्तरण गरिएको छ । एनआरएनएको सहयोग तथा नेपाली काँग्रेस बागलुङ क्षेत्र नं २ का सभापति द्रोण कुँवरको समन्वयमा प्राप्ती अक्सिजन कन्सन्ट्रेटर मेसिन हस्तान्तरण गरिएको हो ।

वडा नं १ को दगातुनडाँडा स्वास्थ्य चौकी, वडा नं ३ को शिसाखानी स्वास्थ्य चौकी, वडा नं ४ को जलजला स्वास्थ्य चौकी, वडा नं ८ को रणसिंहकिटेनी स्वास्थ्य चौकी र वडा नं ९ को दर्लिङ स्वास्थ्य चौकीको लागि एक/एक थान मेसिन उपलब्ध गराइएको थियो । मेसिन हस्तान्तरण कार्यक्रममा सभापति कुँवरले विकट वस्तीमा सेवा पुर्‍याउने उद्देश्यले नागरिक दायित्व वहन गरेर सहयोग गरिएको बताउनुभयो । गाउँपालिका अध्यक्ष मेहरसिंह पाइजा, राष्ट्रिय जनमोर्चाका जिल्ला सचिव भीमलाल पोखरेल, नेकपा (एमाले) बडिगाडका अध्यक्ष गुणनिधि घिमिरे, नेपाल महिला सङ्घका दिलमाया पौवीलगायतले अक्सिजन कन्सन्ट्रेटर मेसिन उपलब्ध भएपछि कोरोना सङ्क्रमणको उपचारमा सहज हुने बताउनुभयो ।


# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २००७/१०/०४ गते**

**स्वः दर्त कुमारी विश्वकर्मा**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०३/१२ गते**

हाम्रा प्रात स्मरणीय श्रीमती/आमा/ हजुरआमा **दर्त कुमारी विश्वकर्मा** को ७१ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**पतिः गम्भर सिं विश्वकर्मा**

**छोराहरूः**
लेख बहादुर वि.क.
अजय कुमार वि.क.
नर बहादुर वि.क.
मिन बहादुर वि.क.
सुनिल वि.क.

**छोरी/ज्वाइँः**
हेमा माया वि.क.
थक बहादुर वि.क.

**बुहारीहरू**
तथा
नाती नातिनी

**सम्पूर्ण परिवार**

चिसापानी मार्ग, बाझापाटन
पोखरा-१३